# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, चैत १७ गते २०४६ साल (अतिरिक्ताङ्क ६५

## भाग ३

### श्री ५ को सरकार
### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवाका कर्मचारीहरूले हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक, तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरू ओसार-पसार गर्ने यातायात सेवा,

३. हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसित सम्बन्धित सेवा,

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार-पसार गर्ने, राख्ने, झिक्ने वा थन्क्याउने कामसित सम्बन्धित सेवा,

५. विद्युत् सञ्चालन तथा वितरण सेवा,

६. खानेपानीको सञ्चालन तथा वितरण सेवा,

७. बैंकिग कारोबारसम्बन्धी सेवा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. वारूणयन्त्रसम्बन्धी सेवा,

९. पेट्रोलियम पदार्थको बिक्री-वितरणसम्बन्धी सेवा,

१०. खाद्य पदार्थको बिक्री-वितरणसम्बन्धी सेवा र

११. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री-वितरणसम्बन्धी सेवा।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।